आ.व. २०७९।०८० को १५ औं तथा दोस्रो निर्वाचित अध्यक्ष ज्यूको १९ औं कार्यपालिका बैठकको उपस्थितीहरु:

**बैठक संख्या: २०७९।०८०-०१५**

बैठक: वारागुङ मुक्तिक्षेत्र गाउँपालिका, मुस्ताङको गाउँ कार्यपालिकाको बैठक ।

मिति र समय: वि.सं. २०८० साल असार ०९ गते शनिबार दिउँसोको ११ बजेदेखी सुरु ।

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री रिङजीन नामगेल गुरुङ ज्यू ।

स्थान: गाउँ कार्यपालिकाको कार्यालय, कागवेनी, मुस्ताङ ।

उपस्थित पदाधिकारीहरु

| क स | पदाधिकारीको नाम थर | कार्यलय र पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री रिङजीन नामगेल गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका अध्यक्ष | | |
| २ | श्री ढिकी गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका उपाध्यक्ष | | |
| ३ | श्री होम बहादुर थापा मगर | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत | | |
| ४ | श्री प्रमेंश गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा न १ वडाअध्यक्ष एंव सदस्य | | |
| ५ | श्री न्होरु गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा न २ वडाअध्यक्ष एंव सदस्य | | |
| ६ | श्री विनोद गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा न ३ वडाअध्यक्ष एंव सदस्य | | |
| ७ | श्री कर्म घ्यचो गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा न ४ वडाअध्यक्ष एंव सदस्य | | |
| ८ | श्री सुरेन्द्र गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा न ५ वडाअध्यक्ष एंव सदस्य | | |
| ९ | श्री मन कुमारी कामी | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका कार्यपालिका सदस्य | मनकुमारी | |
| १० | श्री ल्हाक्चोम गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका कार्यपालिका सदस्य | | |
| ११ | श्री कुन्जाङ्मो गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका कार्यपालिका सदस्य | | |
| १२ | श्री मुनु दमाई | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका कार्यपालिका सदस्य | | |
| १३ | श्री ल्हम्डे गुरुङ | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका कार्यपालिका सदस्य | | |

सहयोगी राष्ट्रसेवक कर्मचारीहरु

| क.सं. | नाम थर | कार्यलय / पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १४ | श्री जनार्दन आचार्य | वरिष्ठ कविराज निरीक्षक सातौं, वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | | |
| १५ | श्री अमृत प्रसाद रेग्मी | लेखा अधिकृत, वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | | |
| १८ | श्री प्रेम प्रसाद भट्टराई | सूचना अधिकारी, वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | | |
| १९ | श्री देवेन्द्र बहादुर थापा | प्रशासन शाखा प्रमुख, वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | | |
| २१ | श्री झिग्मे मुस्ताङ घर्ती | का.स. वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | | |

होम बहादुर थापा मगर
प्रमुख प्रशासकीय अधिकृत

रिङजीन नामगेल गुरुङ
अध्यक्ष
वारागुङ मुक्तिक्षेत्र गाउँपालिका

आ.व. २०७९।[illegible]को १४औं तथा दोस्रो निर्वाचित अध्यक्षज्यूको अध्यक्षतामा बसेको [illegible]औं कार्यपालिकाका बैठकका निर्णयहरु

## प्रस्तावहरु:-

मिति: २०८० असार ०९ गते शनिबार बसेको कार्यपालिकाको १५ औं बैठक।

बैठक संख्या: २०७९।०८०-०१५

समय: दिउँसोको ११:०० बजे

**वारागुङ मुक्तिक्षेत्र गाउँपालिका अध्यक्षज्यूको अध्यक्षतामा बस्ने वारागुङ मुक्तिक्षेत्र गाउँ कार्यपालिकाको बैठकमा प्रस्तावित छलफलका विषयहरु:**

२०७९।०८०-०१५।०१ अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

२०७९।०८०-०१५।०२ आ.व: २०८०।०८१ को नीति तथा कार्यक्रम सम्बन्धमा।

२०७९।०८०-०१५।०३ बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भई आएको बजेट तथा कार्यक्रम,२०८०/०८१ सम्बन्धमा।

२०७९।०८०-०१५।०४ वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको आर्थिक विधेयक,२०८० सम्बन्धमा।

२०७९।०८०-०१५।०५ वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको विनियोजन विधेयक,२०८० सम्बन्धमा।

२०७९।०८०-०१५।०६ वारागुङ मुक्तिक्षेत्र गाउँ सभाको १७औं अधिवेशनको कार्यसूची सम्बन्धमा।

२०७९।०८०-०१५।०७ विविध सम्बन्धमा।

## निर्णयहरु:-

**निर्णय नं ।२०७९।०८०-०१५।०१**

प्रस्ताव नं २०७९।०८०-०१५।०१ को प्रस्ताव माथी छलफल गर्दा अघिल्लो मिति २०८०।०३।०७ गते बसेको कार्यपालिकाको बैठकको समीक्षा गरियो ।

**निर्णय नं ।२०७९।०८०-०१५।०२**

प्रस्ताव नं २०७९।०८०-०१५।०२ को प्रस्ताव माथी छलफल गर्दा यस वारागुङ मुक्तिक्षेत्र गाउँ कार्यपालिकाको आ.व. २०८०।०८१ का लागी वजेट तथा कार्यक्रम तर्जुमा सिमितिबाट पेश भई आएको वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका लागी तपशिल बमोजिमको नीति तथा कार्यक्रम, २०८०/०८१ माथी वृहत रुपमा छलफल गरी स्वीकृतिका लागी यहि मिति २०८०।०३।१० गते बस्न गईरहेको वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको १७ औं गाउँसभा पेश गर्ने निर्णय गरियो।

तपशिलः

# आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम

*"कृषि, पर्यटन र दिगो पूर्वाधारः समृद्ध गाउँपालिका निर्माणको मूल आधार"*

*सभाका सम्पुर्ण सदस्य ज्यूहरु, आमन्त्रित प्रमुख अतिथि, राजनैतिक दलका प्रतिनिधिहरु, बुद्धिजिवी, पत्रकार एवम् वारागुङ मुक्तिक्षेत्र गाउँपालिका अन्तर्गतका सम्पूर्ण कर्मचारी लगायत उपस्थित महानुभावहरु,*

यस वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको स्थानीय तहको दोस्रो निर्वाचन पश्चात हुन गईरहेको १७ औं गरिमामय गाउँ सभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका यहाँहरु सम्पुर्णलाई म मेरो व्यक्तिगत तर्फबाट र वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको तर्फबाट न्यानो अभिवादन सहित हार्दिक स्वागत गर्न चाहान्छु।

सर्वप्रथम त यस वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको १७ औं गाउँसभाको अवसरमा संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्था ल्याउन विभिन्न कालखण्डमा गरिएका ऐतिहासिक संघर्ष तथा आन्दोलनमा शाहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु।

दोस्रो स्थानीय तह सद्स्य निर्वाचन २०७९ बाट निर्वाचित भए पश्चातको चौथो गाउँसभा अन्तर्गत यस आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट तर्जुमाको चरणमा छौं।

संघीय शासन प्रणाली अन्तर्गत स्थानीय शासनको प्रभावकारीता सुनिश्चित गर्दै जनताको जनजीवन अनुकुल सिमित स्रोत र साधनका वावजुत पनि उपलब्ध स्रोत र साधनको प्रभावकारी रुपमा परिचालन तथा सञ्चालन मार्फत सन्तुलित विकासलाई सार्थक तुल्याउन समन्यायीक रुपमा जनताको ईच्छा, भावनाको सम्बोधन तथा आवश्यकता परिपुर्ति गर्नु साथै संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकार तथा स्थानीय सरकारले संविधानमा तोकिए बमोजिम आ-आफ्नो क्षेत्रबाट सेवा प्रवाह, विकास निर्माण, आपसी सम्वन्ध सुमधुर बनाउँदै सबै नेपाली जनतामा साँचो अर्थमा सरकारको अनुभुति गराउनु हाम्रो माँझ चुनौती छ।

*सभाका सदस्य ज्यूहरु एवम् उपस्थित माहानुभावहरु,*

नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, चालु पन्धौं आवधिक योजना, दिगो विकासका लक्ष्यहरु, विषयगत राष्ट्रिय नीतिहरु, नेपाल सरकारका विभिन्न विषयगत ऐनहरु, नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम, नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन अनुसार गाउँपालिकामा जारी गरिएका ऐन, नियमावली, निर्देशिका, संघ र प्रदेश सरकारवाट प्राप्त अनुदान सिमा तथा मार्गदर्शन र अन्य सरोकारवाला व्यक्ति, निकाय तथा प्रतिनिधिबाट प्राप्त राय, परामर्श तथा सल्लाह सुझावको आधारमा आगामी आ.व. २०८०।०८१ को नीति तथा कार्यक्रम तयार गरिएको छ। प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यन्वयनबाट गाउँपालिकाले तय गरेका लक्ष्य उदेश्य प्राप्त गर्नुका साथै संघ तथा प्रदेश सरकारले तय गरेका समग्र लक्ष उदेश्य प्राप्त गर्न टेवा पुग्ने दृढ विश्वास लिएको छु। साथै आ.व. २०८०।०८१ को वार्षिक नीति तथा कार्यक्रममा पालिकाको गौरवशाली योजनाहरु छनौट गर्दै अन्य विषयगत शाखाहरुको आवश्यकतालाई गहन अध्ययन गरी पालिकाले बजेट विनियोजन नगरी नहुने क्षेत्रहरुमा गाउँ कार्यपालिकाको सर्व सम्मतिमा वस्तुनिष्ठ ढङ्गले यो वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ।

*सभाका सदस्य ज्यूहरु एवम् उपस्थित माहानुभावहरु,*

आ.व. २०८०।०८१ का लागी वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको समग्र विकास नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु।

## १. आर्थिक विकास

### (क) कृषि तथा पशु विकास नीति:

- कृषि क्षेत्रको आधुनिकीकरण सम्बन्धी तथ्याङ्क अध्यावधिक मार्फत व्यवसायीक कृषि उत्पादनका लागी वितरण गरिने तथा दिईने अनुदानलाई वस्तुनिष्ठ बनाईनेछ।
- उद्यम विकासका प्रोत्साहन गर्न लघु उद्यम विकास कार्यक्रम सञ्चालन गरिनेछ।

दोल बहादुर थापा मगर
प्रमुख प्रशासकीय अधिकृत

रिञ्जीन ... गुरुङ
अध्यक्ष
वारागुङ मुक्तिक्षेत्र गाउँपालिका

- पशु पालन व्यवसायको संवर्धन गर्नका लागी आवश्यक तथ्याङक संकलन मार्फत तथ्यमा आधारित कार्यक्रम सञ्चालन साथै कृतिम गर्भाधान र महामारी रोग नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ।
- युवाको आय आर्जनका लागी युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरिने छ।
- पशु तथा कृषि जन्य रोकथाम तथा नियन्त्रणका लागी सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।
- कृषि उत्पादनलाई प्रवर्धन गर्न उत्पादन सामाग्री, विउविजन तथा जैविक विषादी खरिद र ढुवानीमा अनुदानको व्यवस्था गरिने छ।
- स्थनीय कच्चा पदार्थको प्रयोग मार्फत गरिने उत्पादन प्रोत्साहन गरिनेछ।
- कृषि क्षेत्रको व्यवसायीकरणमा गुणस्तरीयता कायम गर्न संलग्न कृषक तथा प्राविधिकहरुको क्षमता अभिवृद्धिलाई प्राथमिकता दिईनेछ।

(ख) पर्यटन नीति

- पर्यटन व्यवसाय प्रवर्द्धनका लागी स्थानीय कला संस्कृति तथा मौलिक पहिचनको संरक्षण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।
- पर्यटन पदमार्गको विस्तार गर्नका लागी आवश्यक योजना तथा कार्यक्रम सञ्चालन गरिनेछ।
- होटल व्यवसायीहरुलाई व्यवसाय सञ्चालन सम्बन्धी तालीम दिईनेछ।

(ग) वित्तीय नीति

- वित्तीय साक्षरतासंग सम्बन्धित कार्यक्रम सञ्चालन गरिनेछ।

(घ) रोजगार

- रोजगार लक्षित कार्यक्रमलाई प्राथमिकता दिईनेछ।
- स्वरोजगर कोषलाई निरन्तरता दिँदै थप प्रभावकारी बनाउन आवश्यक व्यवस्थ गरिनेछ।

## २. सामाजिक विकास

(क) शिक्षा नीति

टोल बहादुर थापा मगर
प्रमुख प्रशासकीय अधिकृत

- शैक्षिक गुणस्तर प्रवर्द्धन गर्ने हेतुले दिवा खाजा तथा आवासीय व्यवस्थापन कार्यक्रमलाई प्रोत्साहन दिईनेछ।
- शैक्षिक पहुँच सुनिश्चितताका लागी वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।
- शैक्षिक गुणस्तर तथा कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान दिईनेछ।
- शैक्षिक सुशासनका लागी क्षमता विकास र सुपरिवेक्षणलाई जोड दिईनेछ।
- शैक्षिक गुणस्तर प्रवर्द्धन गर्न शिक्षण सहयोगका साथै विद्यालय सञ्चालन अनुदानलाई निरन्तरता दिईनेछ।
- दलित तथा विपन्न घरपरिवारका छात्र छात्रालाई दिईने छात्रवृत्तिको कार्यक्रमलाई निरन्तरता दिईने छ।
- स्थानीय पाठ्यक्रम निर्माणलाई पुर्णता दिन आवश्यक पहल गरिनेछ।
- विगतका वर्ष झै हिउँदे कक्षा सञ्चालनलाई निरन्तरता दिईनेछ।
- ४ वटा विद्यालयहरुमा भाषा शिक्षकको व्यवस्था यथावत राखिनेछ।

(ग) स्वास्थ्य नीति

- पालिकाको पूर्ण खोप घोषणा अभियानलाई निरन्तरता दिईनेछ।
- स्वास्थ्य सेवा पहुँच सुनिश्चितताका लागी गाउँघर क्लिनिकलाई निरन्तरता तथा अति दुर्गम वस्तीहरुमा गर्दै आएको निःशुल्क स्वास्थ्य शिविरलाई प्राथमिकरता दिईनेछ।
- पोषणमैत्री स्थानीय तह घोषणाका लागी विषयगत शाखा विचको अन्तरसम्बन्धित कार्यक्रमलाई प्राथमिकता दिईनेछ।
- गाउँपालिकाको स्वास्थ्य प्रोफाईल निर्माण गरिनेछ।
- स्वास्थ्य पुर्वाधार मर्मत संभारका लागी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।
- NCD ,CHRONIC DISEASEE SCREENING CAMP नियमित रुपमा सञ्चालन गरिनेछ।
- गाउँपालिका स्थित बर्थिङ सेन्टरलाई थप व्यवस्थित बनाईनेछ।
- सडक दुर्घटना सम्वन्धी सचेतनामुलक कार्यक्रम सञ्चालनका लागी सम्बन्धित निकाय तथा सरोकारवालासँगको सहकार्य तथा समन्वयलाई प्रभावकारी बनाईनेछ।
- खोप ढुवानी सेवालाई थप प्रभावकारी बनाउन आवश्यक व्यवस्थापकीय प्रवन्ध गरिनेछ।
- ल्याब सञ्चालन प्रभावकारिता अभिवृद्धि गर्न आवश्यक व्यवस्था गरिनेछ।
- जेष्ठस्वास्थ्य ऐन, २०७५को कार्यन्वयनलाई प्रभावकारी बनाउन आवश्यक व्यवस्थापकीय प्रवन्ध मिलाईनेछ।

- जेष्ठ नागरिक स्वास्थ्य प्रवर्द्धनात्मक कार्यक्रमको सञ्चालनलाई निरन्तरता दिँदै थप प्रभावकारी बनाईनेछ।
- स्वास्थ्य प्रवर्द्धनका लागी व्यवहार परिवर्तन सम्वन्धी तालिम सञ्चालन गरिनेछ।
- गाउँपालिका अन्तरगतका महिला सा.स्वा.स्वयमं सेवीकाहरुलाई थप जिम्मेवार वनाउन तालिमको व्यवस्था गरिनेछ।
- गाउँपालिकाद्वारा एम्बुलेन्स सेवा व्यवस्थाका लागी आवश्यक पहल गरिनेछ।
- गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीका लागी आवश्यक तालीमको व्यवस्था गरिनेछ।
- मुक्तिनाथमा High altitude treatment सम्बन्धि उपचार कार्यक्रम सञ्चालनका लागी आवश्यक व्यवस्था गर्न समन्वयात्मक कार्यक्रमलाई निरन्तरता दिँदै थप प्रभावकारी बनाईनेछ।
- स्वास्थ्य सेवालाई अविछिन्न रुपमा प्रवाह गर्न आवश्यक वैकल्पिक उर्जाको व्यवस्था गरिनेछ।

(ग) समावेशीकरण नीति

- समावशीकरणका लागी आवश्यक कार्यक्रम सञ्चालनलाई थप निरन्तरता दिईने छ।
- दलित स्तरोन्नती कार्यक्रमलाई थप प्रभावकारी बनाउन आवश्यक व्यवस्था गरिनेछ।
- महिला सशक्तिकरण कार्यक्रमलाई थप व्यवस्थित तथा प्रभावकारी बनाउन आवश्यक प्रबन्ध मिलाईनेछ।

(घ) संस्कृति संवर्द्धन

- लोपोन्मुख लोक संस्कृति संरक्षण तथा प्रवर्द्धन चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- संस्कृति संरक्षणलाई प्रभावकारी बनाउन यार्तुङ पर्व आयोजना तथा सञ्चालनका लागी स्थानीयसंगको सहकार्यलाई निरन्तरता दिईनेछ।

## ३. पूर्वाधार विकास

(क) सडक तथा पुल

- गाउँपालिका भित्रका सडकलाई स्तरोन्नतीका लागी आवश्यक व्यवस्था गरिनेछ।
- झोलुङ्गे पुल निर्माणका लागी आवश्यक आर्थिक साझेदारीलाई निरन्तरता दिईनेछ।

- गाउँपालिका भित्रका सडक कालोपत्र गर्नका लागी आवश्यक व्यवस्थापकीय पहल गरिनेछ।
- सडक सञ्जाललाई अभिवृद्धि गर्दै लगिनेछ।
- मुक्तिनाथ बसपार्कलाई विस्तार गरिनेछ।
- सडक पहुँचलाई थप प्रभावकारी बनाईनेछ।

(ख) सिंचाई

- किसानको पहुँचमा सिंचाई पुर्याउनका लागी सिंचाई योजनालाई विशेष महत्वका साथ क्रमश कार्यन्वयन गर्दै लगिनेछ।

(ग) उर्जा तथा सञ्चार

- गाउँपालिका भित्रका मुख्य बजार क्षेत्रमा भुमिगत विधुतिकरण कार्यलाई थप प्रभावकारी स्थानीयसँग आवश्यक समन्वय गरिनेछ।
- विधुतीय उर्जाको पहुँच नपुगेका वस्तिहरुमा वैकल्पिक उर्जाको पहुँच पुर्याउन आवश्यक समन्वय तथा व्यवस्था गरिनेछ।
- विधुतीकरणलाई थप प्रभावकारी बनाउन आवश्यक समन्वय गरिनेछ।

## (४) वन, वातावरण तथा विपद व्यवस्थापन

(क) वन तथा भू-संरक्षण नीति

- वन जंगल संरक्षणका लागी सम्बन्धित सरोकारवालासँगको सहकार्यलाई निरन्तरता दिईनेछ।
- गाउँपालिका अन्तर्गत सञ्चालन हुने सबै प्रकारका विकास निर्माणका योजनालाई वातावरणमैत्री वनाउन आवश्यक व्यवस्थापकीय प्रबन्ध मिलाईनेछ।
- जलाधार संरक्षणका लागी सचेतना अभिवृद्धि गर्न समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाईनेछ।
- प्राकृतिक सम्पदाको संरक्षण तथा संवर्द्धनका लागी आवश्यक उपाय अवलम्वन गरिनेछ।
- पूर्वाधार योजना कार्यन्वयनमा गुणस्तर थप अभिवृद्धि गर्न आवश्यक व्यवस्था गरिनेछ।
- पूर्वाधार योजना सञ्चालन IEE तथा EIA प्रतिवेदनको आधारमा गरिनेछ।
- वन्यजन्तु संरक्षणका लागी आवश्यक सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

(ख) फोहोरमैला व्यवस्थापन

- फोहोरमैला व्यवस्थापनका लागी स्थानीयसँग गरिने सहकार्यलाई थप प्रभावकारी बनाईनेछ।
- मुख्य पर्यटकिय क्षेत्रमा फोहोरमैला व्यवस्थापनका लागी आवश्यक योजना तथा कार्यक्रम सञ्चालन गरिनेछ।
- फोहोरमैला व्यवस्थापनका लागी आवश्यक सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

(ग) विपद व्यवस्थापन

- विपदको पूर्व तयारी तथा प्रतिकार्यका लागी आवश्यक व्यवस्था गरिनेछ।
- विपद कोषलाई निरन्तरता दिइने छ।
- विपद व्यवस्थापनलाई थप प्रभावकारी वनाईने छ।
- विपद तथा प्राकृतिक प्रकोप जन्य असर न्यूनिकरणका लागी प्रभावित क्षेत्रहरुका स्थानीय वासी लक्षित जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

## ५. सुशासन तथा संस्थागत विकास

(क) मानव संशाधन विकास

- मानव संशाधन विकासका लागी कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्थापकीय प्रबन्ध मिलाईनेछ।
- मानव संशाधन विकासलाई प्रवर्द्धन गर्न कर्मचारी प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- मानव संशाधनका लागी आवश्यक पर्ने स्रोत र साधनको व्यवस्था गर्दै लगिने छ।
- कर्मचारी प्रोत्साहनलाई थप प्रभावकारी बनाउन कर्मचारीका लागी स्टाफ क्वाटर निर्माण गरिनेछ।
- न्यायिक समितिको क्षमता विकास सम्बन्धि कार्यक्रम सञ्चालन गरिनेछ।

(ख) संस्थागत क्षमता विकास

- संस्थागत क्षमता विकास गर्न आवश्यक पूर्वाधार(सामग्री)को प्रबन्ध मिलाईनेछ।
- संस्थागत क्षमता थप सुदृढ गर्न सूचना प्रविधिको अवलम्वन गर्न आवश्यक व्यवस्थापकीय प्रबन्ध मिलाईनेछ।
- LISA को अवलम्वनलाई थप प्रभावकारी बनाईनेछ।

(ग) राजश्व परिचालन नीति

- कर प्रशासनलाई थप वस्तुनिष्ठ एवम् प्रभावकारी बनाईनेछ।
- राजश्वको दायरा फराकिलो बनाउदै लगिनेछ।
- राजश्वको दायरा भन्दा वाहिर रहेका पेशा व्यवसायलाई राजश्वको दायरामा ल्याउन सशक्त रुपमा आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।
- राजश्व संकलनलाई थप प्रभावकारी र वैज्ञानिक वनाउन सूचना प्रविधिको प्रयोगलाई थप प्रभावकारी वनाउन आवश्यक व्यवस्था गरिनेछ।

(घ) वित्तीय जोखिम न्यूनिकरण

- वित्तीय जोखिम न्यूनिकरणका लागी आन्तरिक नियन्त्रण प्रणाली लागु गर्न आवश्क व्यवस्था गरिनेछ।
- FRA को अवलम्वनलाई थप प्रभावकारी बेनाईनेछ।

(ङ) सार्वजनिक सुनुवाई

- पारदर्शिता अभिवृद्धि मार्फत सु-शासन संस्थागत गर्न लागी आवश्यक कानुनी व्यवस्था गरिनेछ।
- पारदर्शिता अभिवृद्धि गर्न सार्वजनिक सुनुवाईलाई कार्यन्वयन गरिनेछ।

(छ) लेखापरिक्षण

- विगतका लेखा परिक्षण प्रतिवेदनमा औंल्याइएका राय सल्लाह सुझावलाई आत्मसात गरिनेछ।
- वेरुजु फर्स्योटलाई प्रभावकारी बनाईनेछ।
- वेरुजु घटाउनका लागी थप उपायको अवलम्वन गरिनेछ।

(ज) अन्तरनिकाय समन्वय

- अन्तर सम्बन्धित निकायसँगको सहकार्य र समन्वयलाई प्रभावकारी बनाउँदै लगिनेछ।

*सभाका सदस्य ज्यूहरु एवम् उपस्थित माहानुभावहरु,*

यस गाउँपालिकाले हालसम्म प्राप्त गरेका उपलब्धिहरुलाई संस्थागत गर्दै गाउँपालिकाको चौतर्फि विकास गर्ने दृढ अठोट र आकांक्षाका साथ आ.व. २०८०।०८१ को नीति तथा कार्यक्रम पेश गरेको छु। त्यसैले यो नीति तथा कार्यक्रमको प्रभावकारी कार्यन्वयनमा सवै क्षेत्रवाट योगदान हुने विश्वास व्यक्त गर्दछु। अन्त्यमा आ-आफ्नो क्षेत्रवाट महत्वपूर्ण भूमिका निर्वाह गर्ने सम्पूर्ण जनप्रतिनिधि, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी नागरिक समाज, बुद्धिजीवि, संचार जगत तथा सम्पूर्ण वारागुङ मुक्तिक्षेत्र

गाउँपालिका बासीहरुलाई धन्यवाद ज्ञापन गर्न चाहान्छु। गाउँपालिकाको विकासमा साथ सहयोग गर्ने अन्य छिमेकी गाउँपालिका तथा गैर सरकारी संस्था समेतलाई धन्यवाद व्यक्त गर्दछु।

धन्यवाद।

.....................

रिङजीन नामगेल गुरुङ

अध्यक्ष

**निर्णय नं ७९।०८०-०१५।०३**

प्रस्ताव नं २०७९।०८०-०१५।०३ को प्रस्ताव माथी छलफल गर्दा बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भई आएको आ.व. २०८०।०८१ का लागी तपशिल बमोजिमको बजेट तथा कार्यक्रम उपर वृहत छलफल पश्चात स्वीकृतिका लागी यहि मिति २०८०।०३।१० गते बस्न गईरहेको वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको १७ औं गाउँसभा पेश गर्ने निर्णय गरियो।

तपशिलः

### *१. संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्र*

रु. सयमा

| ८०४४१५०४१०१ वारागुङ मुक्तिक्षेत्र गाउँकार्यपालिकाको कार्यालय | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | कार्यक्रम/योजना/क्रियाकलाप | उप क्षेत्र | खर्च शीर्षक | श्रोत | विनियोजित बजेट |
| १ | कृषी तथा पशु प्राविधिकहरुको पारिश्रमिक (गा.पा हित्सा) | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११११ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | ४,०००.०० |
| २ | कृषी तथा पशु प्राविधिकहरुको पारिश्रमिक (गा.पा हित्सा) | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११११ | आन्तरिक श्रोत - नगद | ३,०००.०० |
| ३ | झोलुङगे पुल हेरालु पारिश्रमिक | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११११ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | १,५००.०० |
| ४ | पंजिकरण शाखाका कर्मचारीहरुको पारिश्रमिक (गा.पा हित्सा) | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११११ | आन्तरिक श्रोत - नगद | ३,०००.०० |
| ५ | पंजिकरण शाखाका | कार्यालय | २११११ | राजस्व | ३,०००.० |

| | | | | | |
|---|---|---|---|---|---|
| | कर्मचारीहरुको पारिश्रमिक (गा.पा हित्सा) | सञ्चालन तथा प्रशासनिक | | बाँडफाँड - प्रदेश सरकार - नगद | ० |
| ६ | पारिश्रमिक कर्मचारी | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११११ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | १,००,०००.०० |
| ७ | पारिश्रमिक कर्मचारी | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११११ | आन्तरिक श्रोत - नगद | १५,०००.०० |
| ८ | सूचना प्रविधि अधिकृतको तलब भत्ता लगायतका प्रशासनिक खर्च (२५५) | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११११ | आन्तरिक श्रोत - नगद | ३,५००.०० |
| ९ | ससर्तबाट तलब भत्ता खाने कर्मचारीहरुको पालिकाबाट दिने प्रोत्साहन सुबिधा | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११११ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ७,०००.०० |
| १० | पारिश्रमिक पदाधिकारी | कार्यालय सञ्चालन तथा प्रशासनिक | २१११२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ५५,०००.०० |
| ११ | पारिश्रमिक पदाधिकारी | कार्यालय सञ्चालन तथा प्रशासनिक | २१११२ | आन्तरिक श्रोत - नगद | ७,०००.०० |
| १२ | पोशाक | कार्यालय सञ्चालन तथा प्रशएसनिक | २११२१ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ४,०००.०० |
| १३ | स्थानीय भत्ता | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११३१ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ५,०००.०० |
| १४ | स्थानीय भत्ता | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११३१ | आन्तरिक श्रोत - नगद | १८,६००.०० |
| १५ | महंगी भत्ता | कार्यालय सञ्चालन | २११३२ | आन्तरिक श्रोत - | ५,०००.०० |

आ.व. २०८१/८२ को १४औं तथा दोस्रो निर्वाचित अध्यक्षज्यूको अध्यक्षतामा बसेको १५औं कार्यपालिकाका बैठकका निर्णयहरु

| | | | | | |
|---|---|---|---|---|---|
| | | तथा प्रशासनिक | | नगद | |
| १६ | फिल्ड भत्ता | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११३३ | आन्तरिक श्रोत - नगद | ४,०००.०० |
| १७ | कर्मचारीको बैठक भत्ता | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११३४ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ४,०००.०० |
| १८ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११३५ | आन्तरिक श्रोत - नगद | १०,०००.०० |
| १९ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११३५ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | १०,०००.०० |
| २० | अन्य भत्ता | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११३९ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | २,०००.०० |
| २१ | चाडपर्व भत्ता | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११३९ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ८,०००.०० |
| २२ | दाधिकारी बैठक भत्ता | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११४१ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ५,०००.०० |
| २३ | कर्मचारीको योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २१२१२ | आन्तरिक श्रोत - नगद | ६,०००.०० |
| २४ | पानी तथा बिजुली | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२१११ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ५,०००.०० |
| २५ | संचार महसुल | कार्यालय सञ्चालन तथा | २२११२ | राजस्व बाँडफाँड - संघीय | ३,०००.०० |

रु. सयमा

| | | | | | |
|---|---|---|---|---|---|
| | | प्रशासनिक | | सरकार - नगद | |
| २६ | इन्धन (पदाधिकारी) | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२२११ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ५,०००.०० |
| २७ | इन्धन (कार्यालय प्रयोजन) | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२२१२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ४,०००.०० |
| २८ | सवारी साधन मर्मत खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२२१३ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | २०,०००.०० |
| २९ | बिमा तथा नवीकरण खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२२१४ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ३,०००.०० |
| ३० | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२२२१ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ७,०००.०० |
| ३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२२३१ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ५,०००.०० |
| ३२ | मसलन्द तथा कार्यालय सामाग्री | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२३११ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | २०,०००.०० |
| ३३ | गाउँपालिकाको रातो किताब, योजना किताब, क्यालेन्डर, रसिद लगायतको छपाई खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२३१३ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | १,०००.०० |
| ३४ | गाउँपालिकाको रातो किताब, योजना किताब, क्यालेन्डर, रसिद लगायतको छपाई खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२३१३ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ४,०००.०० |

रु. सयमा

| | | | | | |
|---|---|---|---|---|---|
| ३५ | इन्धन - अन्य प्रयोजन | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२३१४ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | १,०००.०० |
| ३६ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२३१५ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | १०,०००.०० |
| ३७ | सेवा र परामर्श खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२४११ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | २३,७६७.०० |
| ३८ | सेवा र परामर्श खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२४११ | गण्डकी प्रदेश - नगद अनुदान | १३०.०० |
| ३९ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२४१२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ५,०००.०० |
| ४० | करार सेवा शुल्क | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२४१३ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ३०,०००.०० |
| ४१ | करार सेवा शुल्क | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२४१३ | आन्तरिक श्रोत - नगद | ४०,०००.०० |
| ४२ | ज्यालादारी शुल्क | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२४१३ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ५,०००.०० |
| ४३ | सरसफाई सेवा शुल्क | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२४१४ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | १,०००.०० |
| ४४ | कार्यक्रम खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार - | २,०००.०० |

आ.व. २०७९/८० को १४औं तथा दोस्रो निर्वाचित अध्यक्षज्यूको अध्यक्षतामा बसेको [illegible] कार्यपालिकाका बैठकका निर्णयहरु

रु. सयमा

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | नगद | |
| ४५ | विभिन्न दिवस खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ३,०००.०० |
| ४६ | घरदैलो राजश्व संकलन कार्यक्रम | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२५२९ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | २,०००.०० |
| ४७ | अनुगमन, मूल्यांकन खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२६११ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ५,०००.०० |
| ४८ | जनप्रतिनिधिहरुको अनुगमन, मूल्यांकन भ्रमण खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२६११ | राजस्व बाँडफाँड - संघीय - सरकार - नगद | ४,०००.०० |
| ४९ | कर्मचारी भ्रमण खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२६१२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | १०,०००.०० |
| ५० | अतिथि सत्कार खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२७११ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | ३,०००.०० |
| ५१ | कार्यपालिका सञ्चालन विविध खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२७११ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ५,०००.०० |
| ५२ | गाउपालिका चिया खाजा सुविधा खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२७११ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ६,०००.०० |
| ५३ | गाउपालिका राष्ट्रिय महासंघको सदस्यता नविकरण र कार्यक्रममा सहभागी शुल्क | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२७११ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ५००.०० |
| ५४ | वडा कार्यालय सञ्चालन | कार्यालय | २२७११ | राजस्व | ७,५००.० |

रु. सयमा

| | | | | | |
|---|---|---|---|---|---|
| | खर्च | सञ्चालन तथा प्रशासनिक | | बाँडफाँड - संघीय सरकार - नगद | ० |
| ५५ | विविध खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२७११ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | १०,०००.०० |
| ५६ | विषयगत समितिको प्रशासनिक खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२७११ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | १,०००.०० |
| ५७ | सभा सञ्चालन खर्च | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२७२१ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ४,०००.०० |
| ५८ | घरभाडा (४ नं र ५ नं वडा कार्यालय) | कार्यालय सञ्चालन तथा प्रशासनिक | २८१४२ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ३,०००.०० |
| ५९ | सवारी साधन तथा मेशिनरी औजार भाडा | कार्यालय सञ्चालन तथा प्रशासनिक | २८१४३ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | २,०००.०० |
| ६० | मेशिनरी तथा औजार | कार्यालय सञ्चालन तथा प्रशासनिक | ३११२२ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | १५,०००.०० |
| ६१ | फर्निचर तथा फिक्चर्स | कार्यालय सञ्चालन तथा प्रशासनिक | ३११२३ | राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | ८,०००.०० |
| कुल जम्मा | | | | | ५,६७,४९७.०० |

कुल जम्मा रु ५,६७,४९,७००(अक्षरेपी पाँच करोड सड्सठी लाख उनान्पचास हजार सात सय रुपैयाँ मात्र)

आर्थिक विकास समिति

आ.व. २०७९।८० को १४औं तथा दोस्रो निर्वाचित अध्यक्षज्यूको अध्यक्षतामा बसेको १[illegible]औं कार्यपालिकाको बैठकका निर्णयहरु

रु. सयमा

| | | | | | |
|---|---|---|---|---|---|
| ८०४४१५०४१०१ वारागुङ मुक्तिक्षेत्र गाउँकार्यपालिकाको कार्यालय | | | | | |
| १ | ढोधाङ स्याउबारीमा तारजाली निर्माण | कृषि | ३११५९ | नेपाल सरकार - नगद अनुदान | ८,०००.०० |
| ८०४४१५०४१०२ वारागुङ मुक्तिक्षेत्र गाउपालिका पशु विकास शाखा | | | | | |
| २ | पशु शाखाको कार्यलय प्रयोजन ल्याप्टप खरिद | पशुपन्छी विकास | २२३११ | गण्डकी प्रदेश - नगद अनुदान | ६५०.०० |
| ३ | जुनोटिक रोगबारे जनचेतना गोष्ठी | पशुपन्छी विकास | २२५१२ | गण्डकी प्रदेश - नगद अनुदान | ४५०.०० |
| ४ | पशु पोषण कार्यक्रम | पशुपन्छी विकास | २२५२२ | गण्डकी प्रदेश - नगद अनुदान | ५००.०० |
| ५ | आन्तरीक तथा वाह्य परजिवी नियन्त्रण कार्यक्रम | पशुपन्छी विकास | २२५२९ | गण्डकी प्रदेश - नगद अनुदान | ३,५००.०० |
| ६ | डिपिङ ट्याङ निर्माण (पुटाक) | पशुपन्छी विकास | २२५२९ | गण्डकी प्रदेश - नगद अनुदान | २,५००.०० |
| ७ | तथ्याङ्क संकलन कार्यक्रम | पशुपन्छी विकास | २२५२९ | गण्डकी प्रदेश - नगद अनुदान | ५००.०० |
| ८ | निःशुल्क पशु स्वास्थ्य शिविर | पशुपन्छी विकास | २२५२९ | गण्डकी प्रदेश - नगद अनुदान | ४००.०० |
| ९ | मासिक तथा वार्षिक वैठक | पशुपन्छी विकास | २२५२९ | गण्डकी प्रदेश - नगद अनुदान | ३००.०० |
| १० | ढुवानी | पशुपन्छी विकास | २२७११ | गण्डकी प्रदेश - नगद अनुदान | ६००.०० |
| ११ | विविध | पशुपन्छी विकास | २२[illegible]१ | गण्डकी प्रदेश - नगद अनुदान | ५००.०० |

आ.व. २०७९/८० को १४औं तथा दोस्रो निर्वाचित अध्यक्षज्यूको अध्यक्षतामा बसेको १८औं कार्यपालिकाका बैठकका निर्णयहरु

रु. सयमा

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | औषधि खरिद कार्यक्रम | पशुपन्छी विकास | २७२१३ | गण्डकी प्रदेश - नगद अनुदान | ३,५००.०० |
| १३ | घरभाडा | पशुपन्छी विकास | २८१४२ | गण्डकी प्रदेश - नगद अनुदान | ९००.०० |
| ८०४४१५०४१११ वारागुङ मुक्तिक्षेत्र गाँउपालिका -कृषी शाखा | | | | | |
| १४ | स्याउ काँटछाँट वोर्डो पेष्ट सम्वन्धी पुन:ताजकी तालिम | कृषि | २२५१२ | नेपाल सरकार - नगद अनुदान | १,०००.०० |
| १५ | कृषी सामग्री ढुवानी | कृषि | २२५२१ | नेपाल सरकार - नगद अनुदान | ७,०००.०० |
| १६ | जैविक तथा वानस्पातिक विषादी खरिद | कृषि | २२५२१ | नेपाल सरकार - नगद अनुदान | १,५००.०० |
| १७ | प्राङ्गारिक मल खरिद | कृषि | २२५२१ | नेपाल सरकार - नगद अनुदान | ७,०००.०० |
| १८ | प्लाष्टिक टनेल खरिद | कृषि | २२५२१ | नेपाल सरकार - नगद अनुदान | ३००.०० |
| १९ | महामरी रोग तथा किरा डाइगनोसिस | कृषि | २२५२१ | नेपाल सरकार - नगद अनुदान | १,०००.०० |
| २० | रेडिमेट वोर्डोपेष्ट खरिद र ढुवानीमा ५० % अनुदान १०००० | कृषि | २२५२१ | नेपाल सरकार - नगद अनुदान | १,०००.०० |
| २१ | ब्रस कटर खरिद र ढुवानीमा ५०% अनुदान | कृषि | २२५२१ | नेपाल सरकार - नगद अनुदान | २,०००.०० |
| २२ | बिउ आलमा ५०% अनुदान | कृषि | २२५२१ | नेपाल सरकार - नगद अनुदान | ५,०००.०० |
| २३ | सर्वोत्तम [illegible] खरिद र ढुवानीमा | कृषि | २२५२१ | नेपाल | ४,०००.०० |

रु. सयमा

| | | | | | |
|---|---|---|---|---|---|
| | ५०%अनुदान | | | सरकार - नगद अनुदान | |
| २४ | उत्कृष्ट कृषक सम्मान | कृषि | २२५२२ | नेपाल सरकार - नगद अनुदान | २५०.०० |
| २५ | बाली बिमा कार्यक्रम २०% अनुदान | कृषि | २२५२२ | नेपाल सरकार - नगद अनुदान | ५००.०० |
| २६ | मिनि किट खरिद कार्यक्रम १००% अनुदान | कृषि | २२५२९ | नेपाल सरकार - नगद अनुदान | ३,०००.०० |
| २७ | कृषी अनुगमन तथा भ्रमण खर्च | कृषि | २२६११ | नेपाल सरकार - नगद अनुदान | १,०००.०० |
| | कुल जम्मा | | | | ५६,८५०.०० |

रु. सयमा

८०४४१५०४५११ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान)

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | उप क्षेत्र | खर्च शीर्षक | स्रोत | विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | कृषि तथा पशु सेवाका एक गाउ एक प्राविधिकहरुको तलव भत्ता | कृषि | २११११ | नेपाल सरकार - नगद अनुदान | ६,५१०.०० |
| २ | कृषि स्नातक करार | कृषि | २११११ | नेपाल सरकार - नगद अनुदान | ५,०००.०० |
| ३ | आ.व. 2079/80 मा स्थापना भएको बाख्रा पकेट विकास कार्यक्रमको निरन्तरता | पशुपन्छी विकास | २२५२२ | नेपाल सरकार - नगद अनुदान | ७,०००.०० |
| ४ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | कृषि | २२५२२ | नेपाल सरकार - नगद अनुदान | ५,०००.०० |
| ५ | कृषि, पशुपन्छी तथा मत्स्य तथ्याकं अध्यावधिक कार्यक्रम | कृषि | २२५२९ | नेपाल सरकार - नगद अनुदान | १,०००.०० |
| ६ | इपिडेमियोलोजिकल सर्भिलेन्स | पशुपन्छी | २२७११ | नेपाल | १२०.०० |

रु. सयमा

| | | | | | |
|---|---|---|---|---|---|
| | | विकास | | सरकार - नगद अनुदान | |
| ७ | कृत्रिम गर्भाधान मिसन कार्यक्रम | पशुपन्छी विकास | २२७११ | नेपाल सरकार - नगद अनुदान | १,८८०.०० |
| ८ | किसान सूचीकरण कार्यक्रम | कृषि | २२७११ | नेपाल सरकार - नगद अनुदान | २,४९०.०० |
| ८०४४१५०४५१२ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) | | | | | |
| ९ | खिङ सिंचाई आयोजना | जलश्रोत तथा सिंचाई | ३११५५ | नेपाल सरकार - नगद (आन्तरिक ऋण) | ७०,०००.०० |
| १० | घ्याताङ् थाडा सिंचाई योजना (क्रमागत) | जलश्रोत तथा सिंचाई | ३११५५ | नेपाल सरकार - नगद (आन्तरिक ऋण) | ८०,०००.०० |
| | कुल जम्मा | | | | १,७९,०००.० |

रु. सयमा

८०४४१५०४५२१ प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान)

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | उप क्षेत्र | खर्च शीर्षक | स्रोत | विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | फल्याक ढाकरजुङ सिंचाई योजना | जलश्रोत तथा सिंचाई | ३११५५ | गण्डकी प्रदेश - नगद अनुदान | ३०,०००.०० |
| | कुल जम्मा | | | | ३०,०००.०० |

कुल जम्मा रु २,६५,८५,०००( अक्षरेपी दुई करोड पैसठ्ठी लाख पाँच हजार मात्र)

## ३. सामाजिक विकास क्षेत्र

रु. सयमा

८०४४१५०४१०१ बारागुङ मुक्तिक्षेत्र गाउँकार्यपालिकाको कार्यालय

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | उप क्षेत्र | खर्च शीर्षक | स्रोत | विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | मुक्तिनाथ High altitude treatment center सञ्चालन,व्यवस्थापन र जनशक्ति | सामाजिक सुरक्षा तथा संरक्षण | २११११ | गण्डकी प्रदेश - नगद | ५,०००.०० |

आ.व. २०७९/८० को १४औं तथा दोस्रो निर्वाचित अध्यक्षज्यूको अध्यक्षतामा बसेको १४औं कार्यपालिकाका बैठकका निर्णयहरु

रु. सयमा

| | | | | | |
|---|---|---|---|---|---|
| | व्यवस्थापन खर्च | | | अनुदान | |
| २ | महिला विकास शाखा/ महिला सशक्तिकरण कार्यक्रम | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | २२५२९ | गण्डकी प्रदेश - नगद अनुदान | १,०००.०० |
| ३ | महिला विकास शाखा/ महिला सशक्तिकरण कार्यक्रम | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | २२५२९ | नेपाल सरकार - नगद अनुदान | ९,०००.०० |
| ४ | युवा स्वरोजगार कार्यक्रम | युवा तथा खेलकुद | २२५२९ | नेपाल सरकार - नगद अनुदान | ८,०००.०० |
| ५ | लोपोन्मुख लोक संस्कृति संरक्षण तथा प्रवर्द्धन कार्यक्रम | भाषा तथा संस्कृति | २२५२९ | गण्डकी प्रदेश - नगद अनुदान | ५,०००.०० |
| ६ | झोङ यार्तुङ | भाषा तथा संस्कृति | २२७११ | नेपाल सरकार - नगद अनुदान | १०,०००.०० |
| ७ | मुख्य पर्यटकीय क्षेत्रमा सरसफाई तथा फोहोरमैला व्यवस्थापन(वडा नं. १,३ र ४ मा) | खानेपानी तथा सरसफाई | २२७११ | नेपाल सरकार - नगद अनुदान | २,०००.०० |
| ८ | मुख्य पर्यटकीय क्षेत्रमा सरसफाई तथा फोहोरमैला व्यवस्थापन(वडा नं. १,३ र ४ मा) | खानेपानी तथा सरसफाई | २२७११ | गण्डकी प्रदेश - नगद अनुदान | ३,०००.०० |
| ९ | दलित स्तरोन्नती कार्यक्रम (प्रति वडा २ लाख) | सामाजिक सुरक्षा तथा संरक्षण | ३११५९ | आन्तरिक श्रोत - नगद | १०,०००.०० |
| १० | संचार/ ईन्टरनेट सेवा शुल्क | स्वास्थ्य | २२११२ | नेपाल सरकार - नगद अनुदान | ३५०.०० |
| ११ | कार्यक्रम भ्रमण खर्च | स्वास्थ्य | २२६१२ | नेपाल सरकार - नगद अनुदान | १,०००.०० |
| १२ | Emergency औषधी तथा अत्यावश्यकीय सामाग्री खरिद | स्वास्थ्य | २७२१३ | नेपाल सरकार - नगद अनुदान | ७५०.०० |
| १३ | ज्येष्ठ नागरिकलाई पुष्टिवृद्धीयुक्त बाल [illegible] तेल [illegible] तथा | स्वास्थ्य | २७२१३ | नेपाल सरकार | २,५००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | वितरण | | | - नगद अनुदान | |
| १४ | नागरिक आरोग्य केन्द्र तथा गाउँघर क्लिनिकका लागि औषधी खरिद | स्वास्थ्य | २७२१३ | नेपाल सरकार - नगद अनुदान | १,२५०.०० |
| १५ | घरभाडा | स्वास्थ्य | २८१४२ | नेपाल सरकार - नगद अनुदान | १,०००.०० |
| ८०४४१५०४१०९ बारागुङ मुक्तिक्षेत्र गाउँपालिका - शिक्षा शाखा | | | | | |
| १६ | जननर्मल माध्यामिक तहका राहत शिक्षक २ जनाको लागि तलब भत्ता | शिक्षा | २११११ | नेपाल सरकार - नगद अनुदान | १२,०००.०० |
| १७ | जनशान्ति मा.वि.मा विज्ञान विषय पढाउने शिक्षकको लागि प्रोत्साहन प्रति महिना १०००० | शिक्षा | २११११ | नेपाल सरकार - नगद अनुदान | १,२००.०० |
| १८ | प्रारम्भिक बाल विकास सहजकर्त्ता, लेखा सहायक र का.स.को पारिश्रमिक थप | शिक्षा | २११११ | नेपाल सरकार - नगद अनुदान | १९,२१०.०० |
| १९ | भाषा शिक्षक पारिश्रमिक (जनशान्ती, जननर्मल, लुप्रा र मुक्तिनाथ वि.) | शिक्षा | २११११ | नेपाल सरकार - नगद अनुदान | १३,६००.०० |
| २० | शैक्षिक क्यालेण्डर निर्माण | शिक्षा | २२३१५ | नेपाल सरकार - नगद अनुदान | ५००.०० |
| २१ | ECD सहजकर्तालाई क्षमता विकास कार्यक्रम | शिक्षा | २२५१२ | नेपाल सरकार - नगद अनुदान | २,०००.०० |
| २२ | गाउँपालिका भित्र बसोवास गर्ने ११ र १२ कक्षामा अध्ययन गर्ने गरिब, विपन्न तथा दलित विद्यार्थीलाई रु. ३००००। का दरले छात्रवृत्ति | शिक्षा | २२७११ | नेपाल सरकार - नगद अनुदान | १,५००.०० |
| २३ | जनशान्ति मा.वि.मा १० जना विद्यार्थिको आवासीय सुविधा थप प्रति विद्यार्थि ४००० | शिक्षा | २२७११ | नेपाल सरकार - नगद अनुदान | ४,०००.०० |
| २४ | बालविकास केन्द्रहरुको लागि दिवा खाजा कार्यक्रम निर्न्तरता | शिक्षा | २२७११ | नेपाल सरकार | ६,०००.०० |

आ.व. २०७९/८० को १४औं तथा दोस्रो निर्वाचित अध्यक्षज्यूको अध्यक्षतामा बसेको १४औं कार्यपालिकाका बैठकका निर्णयहरु

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | - नगद अनुदान | |
| २५ | मुक्तिनाथ आधारभूत विद्यालयमा आवासीय विद्यालयको लागि अनुदान निरन्तरता | शिक्षा | २२७११ | नेपाल सरकार - नगद अनुदान | ६,०००.०० |
| २६ | वि.व्य.स., शि.अ.स., प्र.अ. बैठक/अन्तर्क्रिया तथा अनुगमन भ्रमण खर्च | शिक्षा | २२७११ | नेपाल सरकार - नगद अनुदान | १,०००.०० |
| २७ | विद्यालय स्तरीय अतिरिक्त क्रियाकलाप | शिक्षा | २२७११ | नेपाल सरकार - नगद अनुदान | १,५००.०० |
| २८ | स्थानीय पठ्यक्रम निर्माण, छपाई तथा व्यवस्थापन | शिक्षा | २२७११ | नेपाल सरकार - नगद अनुदान | २,०००.०० |
| २९ | हिउँदमा २ महिने विशेष पढाई संचालन कार्यक्रम निरन्तरता | शिक्षा | २२७११ | नेपाल सरकार - नगद अनुदान | २,०००.०० |
| ८०४४१५०४११० वारागुङ मुक्तिक्षेत्र गाउँपालिका - स्वास्थ्य शाखा | | | | | |
| ३० | कागबेनी स्वास्थ्य चौकी स्थित ल्यावमा कार्यरत कर्मचारीको तलव भत्ता तथा ल्याब थप सुदृढिकरण | स्वास्थ्य | २११११ | नेपाल सरकार - नगद अनुदान | ७,५००.०० |
| ३१ | स्वास्थ्य संस्थाहरु सञ्चालन तथा व्यवस्थापनका लागि स्टेसनरी खरिद | स्वास्थ्य | २२३११ | नेपाल सरकार - नगद अनुदान | ५००.०० |
| ३२ | 40 वर्ष माथि उमेर समुहका व्यक्तिहरुको नि:शुल्क रुपमा NCD र CHRONIC रोगको पहिचान गर्ने . | स्वास्थ्य | २२५२२ | नेपाल सरकार - नगद अनुदान | १,०००.०० |
| ३३ | गाउँघर क्लिनिक तथा खोप क्लिनिक सञ्चालन तथा व्यवस्थापन | स्वास्थ्य | २२५२२ | नेपाल सरकार - नगद अनुदान | १,५००.०० |
| ३४ | पोषणमैत्री स्थानीय तह घोषणा अभियान | स्वास्थ्य | २२५२२ | नेपाल सरकार - नगद अनुदान | १,०००.०० |
| ३५ | सुनौला 1000 दिन कार्यक्रमको लागि खर्च | स्वास्थ्य | २२५२२ | नेपाल सरकार - नगद | २,५००.०० |

आ.व. २०७९।८० को १४औं तथा दोस्रो निर्वाचित अध्यक्षज्यूको अध्यक्षतामा बसेको १५औं कार्यपालिकाका बैठकका निर्णयहरु

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | अनुदान | |
| ३६ | स्वास्थ्य विमा वारे अभिमुखिकरण | स्वास्थ्य | २२५२२ | नेपाल सरकार - नगद अनुदान | १,०००.०० |
| ३७ | स्वास्थ्य शिविर र परिवार नियोजनको शिविर | स्वास्थ्य | २२५२२ | नेपाल सरकार - नगद अनुदान | २,५००.०० |
| ३८ | स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुलाई ,म.सा.स्वा.स्व.से, हरुलाई क्षमता अभिवृदि सम्बन्धि तालिम | स्वास्थ्य | २२५२२ | नेपाल सरकार - नगद अनुदान | १,५००.०० |
| ३९ | औपधि तथा भ्याक्सिन ढुवानी | स्वास्थ्य | २२७११ | नेपाल सरकार - नगद अनुदान | ५००.०० |
| ४० | भैपरी आउने विविध खर्च | स्वास्थ्य | २२७११ | नेपाल सरकार - नगद अनुदान | ५००.०० |
| ४१ | वारागुङ मुक्तिक्षेत्र गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थालाई कार्यालय सञ्चालन तथा व्यवस्थापनका लागि | स्वास्थ्य | २२७११ | नेपाल सरकार - नगद अनुदान | २,५००.०० |
| ४२ | विपन्न, गरिब नागरिकलाई सहायता | स्वास्थ्य | २२७११ | नेपाल सरकार - नगद अनुदान | २,०००.०० |
| ४३ | स्वास्थ्य सम्वन्धी सुचना सामाग्री प्रिन्टिङ र जडान | स्वास्थ्य | २२७११ | नेपाल सरकार - नगद अनुदान | १,५००.०० |
| ४४ | आधारभुत स्वास्थ्य सेवाका लागि निःशुल्क विरतण गरिने औषधी खरिद | स्वास्थ्य | २७२१३ | नेपाल सरकार - नगद अनुदान | ७,०००.०० |
| ४५ | झारकोट स्वास्थ्य चौकीको लागि WHO STANDARD फ्रीज खरिद तथा वितरण | स्वास्थ्य | ३११२२ | नेपाल सरकार - नगद अनुदान | ३,०००.०० |
| ४६ | सर्जिकल सरसमान खरिद | स्वास्थ्य | ३११२२ | नेपाल सरकार - नगद अनुदान | ४,०००.०० |
| ४७ | स्वास्थ्य संस्थामा सोलार जडान | स्वास्थ्य | ३११२२ | नेपाल | ४,५००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | (झोङ, छुसाङ र फल्याक आं.स्वा.के.) | | | सरकार - नगद अनुदान | |
| ८०४४१५०४२०१ वारागुङ मुक्तिक्षेत्र गाउँपालिकावडा नं.१ | | | | | |
| ४८ | झारकोट आधारभुत विद्यालय ल्यापटप खरिद | शिक्षा | ३११४१ | नेपाल सरकार - नगद अनुदान | १,०००.०० |
| ८०४४१५०४२०४ वारागुङ मुक्तिक्षेत्र गाउँपालिकावडा नं.४ | | | | | |
| ४९ | कागछोदे गुम्बामा खाद्यान्न सामाग्री | भाषा तथा संस्कृति | २२७११ | नेपाल सरकार - नगद अनुदान | ३,५००.०० |
| ८०४४१५०४२०५ वारागुङ मुक्तिक्षेत्र गाउँपालिकावडा नं.५ | | | | | |
| ५० | कागछोदे गुम्बामा खाद्यान्न सामाग्री | भाषा तथा संस्कृति | २२७११ | नेपाल सरकार - नगद अनुदान | ३,५००.०० |
| कुल जम्मा | | | | | १,८४,७६०.०० |

रु. सयमा

८०४४१५०४५११ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान)

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | उप क्षेत्र | खर्च शीर्षक | स्रोत | विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीहरु समेत) | शिक्षा | २११११ | नेपाल सरकार - नगद अनुदान | २,२७,०००.०० |
| २ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | शिक्षा | २११११ | नेपाल सरकार - नगद अनुदान | २२,४१०.०० |
| ३ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | शिक्षा | २११११ | एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक) | ६,९६०.०० |

आ.[illegible]८० को १४औं तथा दोस्रो निर्वाचित अध्यक्षज्यूको अध्यक्षतामा बसेको १६औं कार्यपालिकाका बैठकका निर्णयहरु

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | शिक्षा | २११११ | एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक) | ४,०५०.०० |
| ५ | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षक समेत) | शिक्षा | २११११ | नेपाल सरकार - नगद अनुदान | ३५,०००.०० |
| ६ | स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसारको तलव, महगी भत्ता र पोशाक भत्ता | स्वास्थ्य | २११११ | नेपाल सरकार - नगद अनुदान | २,०१,०००.०० |
| ७ | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद | स्वास्थ्य | २११२३ | नेपाल सरकार - नगद अनुदान | ११,८७०.०० |
| ८ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | शिक्षा | २२३११ | नेपाल सरकार - नगद अनुदान | २,१८०.०० |
| ९ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | शिक्षा | २२३११ | एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक) | ६८०.०० |
| १० | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | शिक्षा | २२३११ | एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक) | ३९०.०० |
| ११ | CBIMNCI कार्यक्रम (कार्यक्रम समीक्षा, स्थलगत अनुशिक्षण, समता तथा पहुच कार्यक्रम) | स्वास्थ्य | २२५२२ | नेपाल सरकार - नगद अनुदान | ३,४००.०० |
| १२ | कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपदको समयमा सिकाइ निरन्तरताका लागि कार्यक्रम | शिक्षा | २२५२२ | एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक) | ८३०.०० |
| १३ | [illegible]का विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | शिक्षा | २२५२२ | नेपाल सरकार - नगद अनुदान | ८,४००.०० |
| १४ | किशोरकिशोरी स्वास्थ्य सेवा | स्वास्थ्य | २२५२९ | नेपाल सरकार - नगद अनुदान | ८००.०० |
| १५ | [illegible] विशेष (स्वास्थ्य) क्षेत्रका कार्यक्रम सञ्चालन | स्वास्थ्य | २२५२९ | नेपाल सरकार - नगद अनुदान | २,०००.०० |

टोल बहादुर थापा मगर
प्रमुख प्रशासकीय अधिकृत

आ.व. २०७९।८० को १४औं तथा दोस्रो निर्वाचित अध्यक्षज्यूको अध्यक्षतामा बसेको १८औं कार्यपालिकाका बैठकका निर्णयहरु

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | पोषण विशेष (स्वास्थ्य) क्षेत्रका कार्यक्रम सञ्चालन | स्वास्थ्य | २२५२९ | युरोपियन युनियन - नगद अनुदान (बैदेशिक) | १,५००.०० |
| १७ | पोषण विशेष कार्यक्रम | स्वास्थ्य | २२५२९ | नेपाल सरकार - नगद अनुदान | ३,१३०.०० |
| १८ | पोषण संवेदनशील (खानेपानी तथा सरसफाइ, कृषि, पशुसेवा, महिला तथा बालबालिका, शिक्षा र शासकीय प्रवन्ध) क्षेत्रका कार्यक्रमहरू सञ्चालन) | स्वास्थ्य | २२५२९ | युरोपियन युनियन - नगद अनुदान (बैदेशिक) | १,५००.०० |
| १९ | विश्व रक्तचाप दिवस तथा आत्महत्या न्यूनीकरण दिवस मनाउने तथा महिला सामुदायिक स्वास्थ्य स्वयसेविकाहरुलाई नसर्ने तथा मानसिक स्वास्थ्य सम्बन्धि अभिमुखीकरण | स्वास्थ्य | २२५२९ | नेपाल सरकार - नगद अनुदान | १,०००.०० |
| २० | महामरी/आकास्मिक रोग नियन्त्रण कार्यक्रम | स्वास्थ्य | २२५२९ | नेपाल सरकार - नगद अनुदान | १,०००.०० |
| २१ | राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता (स्थानीय तहस्तरीय) | युवा तथा खेलकुद | २२५२९ | नेपाल सरकार - नगद अनुदान | १,०००.०० |
| २२ | राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम (पोशाक प्रोत्साहन, यातायात खर्च र दिवस मनाउने खर्च समेत) | स्वास्थ्य | २२५२९ | नेपाल सरकार - नगद अनुदान | ८,०००.०० |
| २३ | लैंगिक हिंसा सम्बन्धी अन्तर्किया कार्यक्रम | स्वास्थ्य | २२५२९ | नेपाल सरकार - नगद अनुदान | १,०००.०० |
| २४ | शिक्षामा पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विघालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | शिक्षा | २२५२९ | एस.इ.एस.पी. - सोधभर्ना अनुदान (वैदेशिक) | २,६८०.०० |
| २५ | शिक्षामा पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विघालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | शिक्षा | २२५२९ | एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (वैदेशिक) | ४,६२०.०० |
| २६ | शिक्षामा पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विघालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | शिक्षा | २२५२९ | नेपाल सरकार - नगद अनुदान | १४,८६०.०० |
| २७ | शिक्षा सुशासनका लागि संस्थागत | शिक्षा | २२५२९ | एस.इ.एस.पी. | ६६०.०० |

आ.व. २०७९।८० को १४औं तथा दोस्रो निर्वाचित अध्यक्षज्यूको अध्यक्षतामा बसेको १४औं कार्यपालिकाका बैठकका निर्णयहरु

| | | | | | |
|---|---|---|---|---|---|
| | क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | | | - सोधभर्ना अनुदान (वैदेशिक) | |
| २८ | शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | शिक्षा | २२५२९ | नेपाल सरकार - नगद अनुदान | ३,६४०.०० |
| २९ | शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | शिक्षा | २२५२९ | एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (वैदेशिक) | १,१३०.०० |
| ३० | स्थानिय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसंचार, न्यानो झोला, निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम | स्वास्थ्य | २२५२९ | आई डि ए - सोधभर्ना हुने ऋण (वैदेशिक) | ६००.०० |
| ३१ | स्थानिय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसंचार, न्यानो झोला, निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम | स्वास्थ्य | २२५२९ | नेपाल सरकार - नगद अनुदान | ४,५००.०० |
| ३२ | स्थानिय तह मार्फत मातृ तथा नवशिशु कार्यक्रम सन्चालन | स्वास्थ्य | २२५२९ | नेपाल सरकार - नगद अनुदान | ९,५३०.०० |
| ३३ | स्थानीय तहको साझेदारीमा कोभिड १९ विरुद्ध खोप अभियान तथा बुस्टर खोप समेत संचालनको पालिका/वडा बाट खोप केन्द्र स्तरमा सुपरिवेक्षण तथा दादुरा रुबेला खोप अभियान संचालन एवं ब्यबस्थापनको लागि पालिका तथा वडा खोप समितिको अभिमुखीकरण र योजना गोष्ठी ) | स्वास्थ्य | २२५२९ | नेपाल सरकार - नगद अनुदान | १,४५०.०० |
